आज मिति २०८०/०३/२९ गते यस लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष तथा का.बा. अध्यक्ष श्री पुष्पलाल राईको अध्यक्षतामा बाईसौं कार्यपालिका बैठक बसी तपसिलको उपस्थितिमा उल्लेखित प्रस्तावमाथि छलफल गरी आवश्यक निर्णय गरियो ।

उपस्थितिहरुः

| सि.नं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पुष्पलाल राई | उपाध्यक्ष | |
| २ | श्री जनदिप थापा मगर | १ नं वडा अध्यक्ष | |
| ३ | श्री जितेन्द्र राई | २ नं वडा अध्यक्ष | |
| ४ | श्री गुरुमणी कुमाई | ३ नं वडा अध्यक्ष | |
| ५ | श्री छत्र बहादुर राई | ४ नं वडा अध्यक्ष | |
| ६ | श्री कबिचन्द्र राई | ५ नं वडा अध्यक्ष | |
| ७ | श्री अन्जु राई | कार्यपालिका सदस्य | |
| ८ | श्री जमुना कुमारी कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री पृथी रसाईलि | कार्यपालिका सदस्य | |
| १० | श्री दुतमाया मगर | कार्यपालिका सदस्य | |
| ११ | श्री जयराम राई | कार्यपालिका सदस्य | |
| १२ | श्री गणेश राई | कार्यपालिका सदस्य | |
| १३ | श्री युवराज ओली (नि.प्र.अ.) | सदस्य सचिव | |
| १४ | श्री बिपन राई (कम्प्यूटर अपरेटर) | सचिवालय कर्मचारी | |
| | | | |
| आमन्त्रीतहरु | | | |
| | | | |
| | | | |
| | | | |

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

प्रस्तावहरुः

१. सार्वजनिक सुनुवाई तयारी सम्बन्धमा
२. न्यायीक समिति सम्बन्धमा ।
३. पाईप खरिद तथा ट्याङ्की निर्माण सम्बन्धमा ।
४. बेरुजुको समपरिक्षण सम्बन्धमा ।
५. खरिद समिति पुन गठन सम्बन्धमा ।
६. खरिद मूल्याङ्कन समिति पुनर्गठन सम्बन्धमा ।
७. कक्षा १२ सञ्चालन अनुमति सम्बन्धमा ।
८. कार्यदल समितिको वैठक सञ्चालन सम्बन्धमा ।

निर्णयहरु:

**निर्णय नं १,** प्रस्ताव नं १ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकाको आ.व. ०७९/०८० को बजेट तथा कार्यक्रम अनुसार हालसम्म भएको आर्थिक तथा भौतिक प्रगतिहरुको सरोकारवालाहरुलाई जानकारिको लागि यहि मिति २०८०/४/११ गते गरिने सार्वजनिक सुनुवाईको लागि पानस उदयपुर संस्थालाई जिम्मा दिई यस गाउँपालिकाको आधिकारिक फेसबुक पेज, फेसबुक आईडि र वेवसाइटमा सूचना प्रकाशन गरि विभिन्न राजनैतिक दलको प्रतिनिधि साथै अन्य सरोकारवालाहरुलाई पत्राचार गरी सार्वजनिक सुनुवाई गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**निर्णय नं २,** प्रस्ताव नं २ माथि छलफल गर्दा यस प्रस्तावलाई आगामी कार्यपालिका वैठकबाट निर्णय गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**निर्णय नं ३,** यस लिम्चुङबुङ गाउँपालिकाको वडा नं १, बाँसबोटेमा रहेको फ्याङ्सुली टोल विकास सहकार्य संस्था र वडा नं ३, बाराहामा रहेको श्री लालीगुराँस टोल विकास सहकार्य संस्थाबाट माग भई आएको माग निवेदन अनुसार खानेपानी पाईप तथा खानेपानी ट्याङ्की निर्माण गर्नको लागि प्राविधिक शाखाबाट लागत अनुमान तयार गरी आ.व. ०८०/०८१ को खानेपानी शिर्षकको बजेटबाट विनियोजन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**निर्णय नं ४,** प्रस्ताव नं ४ माथि छलफल गर्दा महा लेखा परीक्षकले यस गाउँपालिकाको लागि सैद्धान्तिक बेरुजु लेखेको प्रतिवेदन अनुसार समपरीक्षण गरि बेरुजु कम गर्नको लागि लेखा शाखामा कार्यरत कर्मचारी तथा लेखा समितिलाई निर्देशन दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**निर्णय नं ५,** प्रस्ताव नं ५ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकामा रहेको खरिद समिति तपसिल बमोजिम पुनः गठन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**तपसिल:**

| सि.नं | नाम, थर | पद | खरिद समिति पद |
|---|---|---|---|
| १ | श्री युवराज ओली | प्रशासकीय अधिकृत | संयोजक |
| २ | श्री ढक प्रसाद चौधरी | खा.पा.स.टे. | सदस्य |
| ३ | श्री ज्ञानेन्द्र राई | लेखा सहायक | सदस्य सचिव |

**निर्णय नं ६,** प्रस्ताव नं ६ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिकामा रहेको मूल्याङ्कन समिति तपसिल बमोजिम पुनः गठन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

तपसिलः

| सि.नं | नाम, थर | पद | मूल्याङ्कन समिति पद |
|---|---|---|---|
| १ | श्री योगेन्द्र राज गुरुङ्ग | प्रमुखप्रशासकीय अधिकृत | अध्यक्ष |
| २ | श्री बेबेक आचार्य | लेखा शाखा प्रमुख | सदस्य |
| ३ | श्री | सम्बन्धित विषय विषेशज्ञ | सदस्य |
| ४ | श्री सोमित कामत | ईन्जिनियर | सदस्य |
| ५ | श्री युवराज ओली | प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं ७,** प्रस्ताव नं ७ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिका वडा नं ४, बलम्तामा रहेको श्री क्या.पर्शुराम पदमा राई मा.वि. विद्यालयको मिति २०८०/३/२८ को अनुमति माग निवेदन अनुसार प्राविधिक तथा व्यवसायिक धार अन्तर्गत कम्प्यूटर इन्जिनियरिङको कक्षा १२ सम्मको कक्षा सञ्चालन गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को ज (३) को अधिनमा रहि अनुमति दिने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।

**निर्णय नं ८,** प्रस्ताव नं ८ माथि छलफल गर्दा यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतको सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजन गर्नको लागि गठित कार्यदल समितिको वैठक मिति २०८०/४/१४ गतेको दिन यस गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु साथै ३४ वटा विद्यालयको विद्यालय प्र.अ. सहितलाई आमन्त्रण गरी सञ्चालन गर्नको लागि निर्देशन गर्ने भनि सर्वसहमतिका साथ निर्णय गरियो ।